## बाह्रविसे नगरपालिका

# स्थानीय राजपत्र

बाह्रविसे नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ३ मितिः २०८३/०२/०८

## भाग -२

## बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि, २०८१

(पहिलो संशोधन, २०८३)

२०८३/०२/०८

प्रस्तावनाः "बाह्रविसे नगरपालिका बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि, २०८१" लाई संशोधन गर्न वाञ्छनीय भएकाले बाह्रविसे नगर कार्यपालिकाले देहायको दफामा संशोधन गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "बाह्रविसे नगरपालिका बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि, २०८१ (पहिलो संशोधन, २०८३)" रहेको छ ।

२. यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

३. "बाह्रविसे नगरपालिका बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि, २०८१" को दफा १२.२ को खण्ड (ङ) थप गरी देहायबमोजिम राखिएको छः

(ङ) " बाह्रविसे नगरपालिकाबाट उपभोक्ता समिति मार्फत निर्माण हुने भौतिक पूर्वाधार निर्माण योजनाको कुल लागतको २ (दुई) प्रतिशत जम्मा गरिएको रकम "

४. "बाह्रविसे नगरपालिका बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि, २०८१ " को दफा १२.४ को खण्ड (क) थप गरी देहायबमोजिम राखिएको छः

१२.४ (क) बालकोषको उपयोगः

बालकोषमा जम्मा भएको रकम देहायबमोजिमको काममा बालकोष सञ्चालन समितिको निर्णयबमोजिम खर्च गरिने छः



१) बालमैत्री वडा तथा बालमैत्री स्थानीय तह घोषणाका लागि आवश्यक पूर्वतयारी गर्न ।

२) बालमैत्री वडा तथा बालमैत्री स्थानीय तह घोषणा गर्न ।

३) बालमैत्री भौतिक पूर्वाधार निर्माण गर्न ।

४) विपतमा परेका बालबालिकाको तत्काल उद्धार गरी राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

५) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न ।

६) बालबालिकाको पुर्नस्थापना गराउन,

७) बाल संरक्षण, बाल बचाउ, बाल विकास र बाल सहभागितात्मक कार्यक्रम सञ्चालन गर्न ।

८) पीडित तथा जोखिममा परेका बालबालिकाको लागि खर्च गर्न ।

५. "बाह्रविसे नगरपालिका बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि, २०८१ " को दफा १२.४ को खण्ड (५) को सट्टा देहायबमोजिम राखिएको छः

दफा १२.४ को खण्ड (क) मा उल्लेख भएका शीर्षकमा मात्र बालकोषको रकम प्रयोग गर्ने ।

**आज्ञाले**
**गणेश नेपाली**
**प्रमुख प्रशासकीय अधिकृत**